## बैठक नं. ६२

आज मिति २०८३ साल बैशाख ९ गते बुधवार बिहान ८:०० बजे तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | कार्यपालिका सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | कार्यपालिका सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | कार्यपालिका सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | कार्यपालिका सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | कार्यपालिका सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |

| | | | | |
|---|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन दर्जी | | ९८५१२४९२०४ |

बैठकका प्रस्तावहरु:

१) कार्यपालिकाको ६१ औ बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२) आगामी आर्थिक बर्ष २०८३।०८४ को योजना तथा बजेट निर्माण तालिका सम्बन्धमा र चालु आर्थिक बर्षको प्रगति समिक्षा सम्बन्धमा ।

३) तामाकोशी गाउँपालिकाको प्रशासकीय भवनको ठेक्का आव्हान गर्न लागत अनुमान स्वीकृत स्थानीय पूर्वाधार विकास विभागमा लागत साझेदारी गर्ने र पेश गर्ने सम्बन्धमा ।

४) घ बर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धामा ।

५) तामाकोशी १० शैयाको आधारभूत अस्पतालको इजाजत पत्र जारी गर्ने सम्बन्धमा ।

६) अन्य विविध विषयमा ।

निर्णय न.१: तामाकोशी गाउँपालिकाको ६१ औ कार्यपालिका वैठकमा निर्णय भएका विषयहरुको समीक्षा गरियो ।

निर्णय न.२: आगामी आर्थिक बर्ष २०८३।०८४ को योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निर्धारित चरणहरु र समयसीमाको पालना गरी गर्ने निर्णय गरियो । साथै चालु आर्थिक बर्ष २०८२।०८३ चैत्र मसान्तसम्म चालु खर्च ५०.९४ प्रतिशत पुँजीगत खर्च १९ प्रतिशत गरी जम्मा ३८.६५ प्रतिशत खर्च भएको लगायत विभिन्न खर्च शिर्षकमा भएको खर्चको विषयमा समीक्षा गरियो ।उपभोक्ता समितिबाट कार्यान्वयन हुने जम्मा ३०७ योजनाहरुमा २१८ योजनाहरु सम्झौता भइ ८४ वटा योजनाहरुको भुक्तानी भएको छ भने ८९ वटा योजनाहरु सम्झौता हुन बाँकी रहेको छन ।विद्युतीय बोलपत्र द्धारा १८ वटा योजनाहरु कार्यान्वयनमा गएका छन ।

निर्णय न.३: तामाकोशी गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमा श्री एम के इन्सिच्यूट अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी प्रा.लि. काठमाण्डौले विस्तृत आयोजना प्रतिवेदन (DPR) मा पेश गरेको रु १४,९४,६५,३०९.६९।– अक्षेरुपी रु चौध करोड चौरानब्बे लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया उनान्सत्तरी पैसाको लागत अनुमान र डिपिआर स्वीकृत भएको निर्णय गरियो, साथै स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०८२ को दफा ४ बमोजिम आयोजना प्राथमिकीकरण र छनौटमा पहिलो प्राथमिकतामा पर्ने, दफा ५ बमोजिम जग्गाको व्यवस्था भएको र विभागको च.न.७४८ मिति २०८२।१२।०९ गतेको पत्रानुसार दफा ६ बमोजिम विस्तृत आयोजना प्रतिवेदन (DPR) कार्यपालिकाबाट स्वीकृत भएकोले दफा ३ को उपदफा ३ (क) बमोजिम कूल लागत अनुमानको चालिस प्रतिशत रकम रु ५,९७,८६,१२३.८७।–अक्षेरुपी रु पाँच करोड सन्तानब्बे लाख छयासी हजार एक सय

तेइस रुपैयाँ सतासी पैसा लागत सहभागिता गर्ने निर्णय गरियो । निर्णय बमोजिम अनुसूची १ बमोजिमको आयोजना माग फारम श्री स्थानीय पूर्वाधार विकास विभाग श्रीमहल पुल्चोक ललितपुरमा पेश/पत्राचार गर्ने समेत निर्णय गरियो ।

निर्णय न.४: तामाकोशी गाउँपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ मा व्यवस्था भए बमोजिम सचल सप्लाएर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. तामाकोशी गाउँपालिका वार्ड न. ६ दोलखाको निवेदन माग बमोजिम घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न.५: तामाकोशी गाउँपालिका वडा न. ४ मालुमा ५ शैयाको आधारभूत अस्पताल संचालन भइरहेकोमा संघीय सरकारबाट १० शैयाको अस्पताल निर्माणको लागि बजेट बिनियोजन पश्चात निर्माण कार्य सम्पन्न भइ हस्तान्तरण समेत भइसकेको र १० शैयाको अस्पताल संचालनको लागि आवश्यक मापदण्ड तथा कर्मचारी व्यवस्थापन समेत भएको हुँदा जनस्वास्थ्य सेवा ऐन २०७५, जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम १२ को उपनियम ५ बमोजिम तामाकोशी आधारभुत अस्पताललाई १० शैया क्षमताको अस्पताल संचालन गर्न इजाजतपत्र जारी गर्ने निर्णय गरियो । साथै अस्पतालमा सुलभ फार्मेसी दर्ता गरी संचालन गर्ने समेत निर्णय गरियो ।

निर्णय न.६: शैलुङ गाउँपालिकामा संचालित दोलखा जिल्ला स्तरीय बाह्रौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा हाम्रो तामाकोशी गाउँपालिका ६ स्वर्ण ३ रजत र ४ कास्य सहित १३ पदक प्राप्त गरी जिल्लामा द्वितीय स्थान हासिल भएकोमा प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यार्थीहरु प्रशिक्षक ज्यूहरु र विद्यालयहरुलाई सम्मान र धन्यवाद व्यक्त गर्दै सहभागी सम्पूर्ण विद्यार्थीहरुलाई रु ५००।– स्वर्ण पदक विजेतालाई प्रति खेलाडीलाई रु ५०००।–रजत पदक विजेतालाई प्रति खेलाडीलाई रु ३०००।– र कास्य पदक विजेतालाई प्रति खेलाडी रु २०००।–प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न.७: तामाकोशी गाउँपालिका अन्तर्गत वडा नं. ६ च्यामा घोरनागी स्थित भ्यू टावर, खेलमैदान तथा पर्यटकीय संरचनाहरू निर्माण भएको स्थानको जग्गादाताहरुबाट तपसिल बमोजिमको जग्गा निःशुल्क दानपत्र मार्फत गाउँपालिकाको नाममा स्वामित्व हस्तान्तरण गर्न आवश्यक कागजात सहितको प्रकृया पुरा भएको हुदा जिल्ला प्रशासन कार्यालय चरिकोट दोलखालाई जग्गा प्राप्तीको लागि आवश्यक प्रकृया अगाडी बढाईदिनहुन अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | कि.न. | क्षेत्रफल बर्ग मि. | निशुल्क प्राप्त हुने जग्गा को क्षेत्रफल (बर्ग मि.) |
|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद शर्मा फुयाल | तामाकोशी-०६ | ६६१ | २५२० | ११३५ |
| २ | चन्द्र बहादुर फुयाल | तामाकोशी-०६ | ८९० | ३८२ | ३८२ (पुरै कित्ता प्राप्त) |
| ३ | दुर्गा ब. फुयाल | तामाकोशी-०६ | ८९१ | ३८३ | ३८३(पुरै कित्ता प्राप्त) |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मेघ बहादुर फुयाल | तामाकोशी-०६ | ८८९ | ३८२ | २२५ |
| ५ | कृष्ण प्रसाद फुयाल | तामाकोशी-०६ | ६६९ | ९५७ | ६७५ |
| ६ | भिम प्रसाद फुयाल | तामाकोशी-०६ | ६६२ | १५३० | ६७० |
| ७ | मनमाया महत | तामाकोशी-०६ | २४ | ८३१० | ५००० |
| ८ | टिकाराम फुयाल | तामाकोशी-०६ | ६६८ | १५३० | १००० |

निर्णय न.८: विपद शाखा, सम्बन्धित व्यक्ति र संस्थाहरु र वडा कार्यालयमा रहने गरी विपद सम्बन्धी सूचना संप्रेषण र समन्वय गर्नको लागि विविध शीर्षकबाट रु १ लाख ५० हजार खर्च हुने गरी १।१ सेट वाकीटोकी मोबाइल सेट खरिद गर्ने निर्णय गरियो ।

निर्णय न.९: तामाकोशी गाउँपालिका भित्रका २०४९ सालपछि यताका सम्पूर्ण निर्वाचित जनप्रतिनिधि ज्यूहरूलाई गणतन्त्र दिवसको अवसरमा मिति २०८३।०२।१५ गते अबिर दोसल्ला र प्रमाणपत्र सहित सम्मान गर्ने निर्णय गरियो ।